## एकल महिला लक्षित पशुपालन सवलिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३

प्रस्तावना

नेपाली समाजमा बिभिन्न कारणले एकल रुपमा रहेका महिलाहरुको आर्थिक गतिबिधीहरुमा न्यून सहभागिताको कारण निजहरुको क्षमता अनुसार आर्थिक योगदान हुन सकेको छैन जसले गर्दा समाजमा हुने बिभिन्न बिकास निर्माणका निर्णय प्रकृयाहरुमा निजहरुको न्यून सहभागिता देखिन्छ । पशुपन्छी विकास मन्त्रालयको प्रतिवद्धता र नेपाल सरकारको एकल महिला लक्षित पशुपालन सवलिकरण नीति तथा कार्यक्रम कार्यक्रमलाई सहज सरल पारदर्शी र प्रभावकारी रुपमा संचालनगर्नका लागि पशुपन्छी विकास मन्त्रालयले एकल महिला लक्षित पशुपालन सवलिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ जारी गरेको छ ।

### परिच्छेद १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

क. यो कार्यविधिको नाम " एकल महिला लक्षित पशुपालन सवलिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३" रहेको छ।

ख. यो कार्यविधि नेपाल सरकार पशुपंन्छी विकास मंन्त्रालयवाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि प्रयोजनका लागि

क. "मन्त्रालय" भन्नाले पशु पशुपन्छी विकास मन्त्रालय संम्झनुपर्छ ।

ख. "विभाग" भन्नाले पशु सेवा विभाग संम्झनुपर्छ ।

ग. "निर्देशनालय" भन्नाले क्षेत्रीय पशु सेवा निर्देशनालयलाई संम्झनुपर्दछ ।

घ. "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालयलाई संम्झनुपर्दछ ।

ङ. "कार्यदल" भन्नाले कार्यालयवाट गठित जिल्ला पशु विकास कार्यदललाई संम्झनुपर्दछ ।

च. "निजि फार्म" भन्नाले एकल स्वामित्वमा रही नेपाल सरकारको कुनै निकायमा कानुन वमोजिम दर्ता भएको फार्म संम्झनुपर्दछ ।

छ. "कार्यक्रम" भन्नाले यस कार्यविधिको अधिनमा रही संचालन भएको एकल महिला लक्षित पशुपालन सबलिकरण कार्यक्रम संम्झनुपर्छ ।

ज. "एकल महिला" भन्नाले आर्थिक दृष्टीले विपन्न देहायका महिला सम्झनु पर्दछ ।

१. सम्बन्ध विच्छेद गरेकी महिला ।

२. विधवा महिला।

३. पैतिस  वर्ष उमेर पुरा गरेकी अविवाहित महिला ।

४. पाँच वर्ष भन्दा बढी समय देखि पति हराएको वा वेपत्ता भएको महिला ।

अ. जिविकोपार्जनका लागि एकल महिला लक्षित पशुपालन सवलिकरण कार्यक्रम

३. कार्यक्रम संचालन हुने जिल्लाहरु

ओखलढुङ्गा, पर्वत, डोटी, बर्दिया, भोजपुर, उदयपुर, अर्घाखाची, लम्जुङ, रसुवा, जाजरकोट, बझाङ, बैतडी ,महोत्तरी, मुगु, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, मुस्ताङ, रोल्पा र ताप्लेजुङ गरी २० जिल्लाहरुमा संचालन गरिने र स्वीकृत कार्यक्रममा तोकिएको हकमा सो अनुसार संचालन हुनेछ ।

४. कार्यक्रमका विषयगत क्षेत्रहरु

क. बाखापालन कार्यक्रम: बाखा खरिद, खोर निर्माण, खोप,आहारा र परजिवि नियन्त्रण कार्यका लागि सहयोग गरिनेछ । एक कृषकले दुई बाखाको पाठी कम्तीमा १८ के जी जिउदो तौल र प्रजनन योग्य उमेर पुगेको खरिद गर्नुपर्नेछ ।

ख. बंगुरपालन कार्यक्रम: बंगुरका पाठापाठी खरिद, खोर निर्माण, खोप र परजिवि नियन्त्रण कार्यका लागि सहयोग उपलब्ध गराईनेछ । एक सदस्यले दुई पाठापाठी कम्तीमा ४५ दिनको खरिद गर्नुपर्नेछ ।

ग. कुखुरापालन कार्यक्रम: प्रति कृषक कुखुराको २५ चल्ला खरिद, खोर निर्माण, खोप र परजिवि नियन्त्रण कार्यका लागि सहयोग उपलब्ध गराईने छ ।

५. कार्यक्रम सन्चालन प्रकृया

अ. जिल्ला पशु सेवा कार्यालयले स्थानीय पत्रपत्रिका र एफ एम रेडियोवाट अनुसूची १ अनुसारको प्रस्ताव सम्बन्धी सूचना प्रवाह गर्नुपर्छ र सो सूचना जिल्ला पशु सेवा कार्यालय र सेवा केन्द्रमा समेत टाँस गर्नुपर्नेछ ।

आ. प्रस्तावक कृषकहरुले अनुसूची २ अनुसारको निवेदन सेवाकेन्द्र मार्फत जिल्ला पशु सेवा कार्यालयमा पेश गर्नुपर्ने ।

इ. प्राप्त हुन आएका प्रस्तावहरु छनौट तथा मुल्याङ्कन गर्न देहाय वमोजिम समिति रहनेछ ।

छनौट तथा मुल्यांकन समिति

| | | |
|---|---|---|
| १. | जिल्ला पशु सेवा कार्यालयको प्रमुख | संयोजक |
| २. | जिल्ला पशु सेवा कार्यालयको अधिकृत | सदस्य |
| ३. | जिल्ला पशु सेवा कार्यालयको योजना शाखाको अधिकृत | सदस्य सचिव |

ई. कृषकहरुवाट प्राप्त निवेदनहरु छनौट तथा मुल्यांकन समितिले छनौट गरी अनुमोदनका लागि कार्यदल समक्ष पेश गर्नुपर्नेछ।

उ. कार्यदलले अनुमोदन गरेपछि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ऊ. छनौट भएका गाउ विकास समिति/ नगरपालिका/स्थानीय निकायमा एकल महिला कृषकहरु कम्तीमा ५ जनाको समुह गठन गर्नुपर्नेछ ।

ऋ. कार्यक्रम संचालनका लागि अन्य सहयोगी कार्यक्रम पशु सेवा प्रसारको कार्यक्रमवाट गर्नुपर्नेछ ।

ऌ. कार्यसंपादनका आधारमा सम्वन्धित सेवा केन्द्रको सिफारिसमा अनुदान रकम भुक्तानी दिईने व्यवस्था कार्यालयवाट मिलाईनेछ।

## ६. आर्थिक नर्मस

| सि.नं. | कार्य विवरण | ईकाई | परिमाण | वजेट रु | कैफियत |
|---|---|---|---|---|---|
| | बाख्रा पालन कार्यक्रमका लागि प्रति व्यक्ति | | | | |
| १ | बाख्रा वितरण प्रति कृषक | संख्या | २ | १४००० | प्रति व्यक्ति रु २३५०० का दरले १० कृषकलाई जम्मा रु २३५००० र समुहका लागि गठन अभिमुखिकरण गरी रु १५००० गरी जम्मा २५०००० प्रति जिल्ला जम्मा २ समूह |
| २ | बाख्राको खोर निर्माण प्रति कृषक | संख्या | १ | ६००० | |
| ३ | बाख्राको , परजिवि नियन्त्रण, खोप प्रति कृषक | पटक | ३ | ३००० | |
| ४ | डालेघांसका विरुवा ढुवानी तथा वितरण प्रति १० कृषक | | ५०० | ५००० | |
| समूह गठन अभिमुखिकरण प्रति १० कृषक | | | | १५००० | |
| | कुखुरा पालन कार्यक्रमका लागि प्रति व्यक्ति | | | | |
| १ | डयुल प्रपोजका कुखुराको चल्ला वितरण प्रति कृषक | संख्या | २५ | १५०० | प्रति व्यक्ति रु ९००० का दरले २५ कृषकलाई जम्मा रु २२५००० र समुह गठन अभिमुखिकरण गरी रु २५००० जम्मा २५०००० प्रति जिल्ला जम्मा ५ समूह |
| २ | खोर निर्माणका लागि सहयोग प्रति कृषक | संख्या | १ | ६००० | |
| ३ | खोप, औषधी, परजिवि नियन्त्रण प्रति कृषक | पटक | २ | १५०० | |
| समूह गठन अभिमुखिकरण २५ कृषकका लागि | | | | २५००० | |
| | वंगुरपालन कार्यक्रमका लागि प्रति व्यक्ति | | | | |
| १ | पाठापाठी वितरण प्रति कृषक | संख्या | २ | १०००० | प्रति व्यक्ति रु २२००० का दरले १० कृषकलाई जम्मा रु २२०००० र समुहका लागि |
| २ | खोर निर्माणमा सहयोग प्रति कृषक | संख्या | १ | १०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | परजिवि नियन्त्रण, खोप प्रति कृषक | पटक | २ | २००० | गठन अभिमुखिकरण गरी रु ३०००० गरी जम्मा २५०००० प्रति जिल्ला जम्मा २ समूह |
| समूह गठन अभिमुखिकरण १० कृषकका लागि | | | | ३०००० | |

## आ. एकल महिला लक्षित अण्डा उत्पादनका लागि कुखुरापालन कार्यक्रम

यस कार्यक्रमका लागि अ. परिच्छेद अनुसारको कार्यक्रममा समावेश नभएका एकल महिलाहरु समावेश हुनेछन् ।

७. कार्यक्रम सञ्चालन हुने जिल्लाहरु:

अर्घाखाँची, उदयपुर, कपिलवस्तु, गोरखा, पाँचथर, बैतडी, भोजपुर, म्याग्दी, रोल्पा र सिन्धुपाल्चोक । आगामी वर्षहरुमा आवश्यकता अनुसार जिल्लाहरुको संख्या थपघट हुन सक्नेछ ।

८. कार्यक्रम संचालन हुने अवधिः

यो कार्यक्रम सञ्चालन हुने अवधि १ वर्षको हुनेछ । आगामी वर्षहरुमा आवश्यकता अनुसार अवधि थप हुन सक्नेछ ।

९. कार्यक्रम सञ्चालन प्रकृयाः

यस कार्यक्रम संचालन हुने जिल्लाहरुमा प्रति जिल्ला २ समुह र प्रति समुह १० जना गरी जम्मा २० जना एकल महिला कृषक सहभागी हुनेछन् ।

समुहमा आवद्ध एकल महिला सदस्यहरुलाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले १ दिने अभिमुखिकरण कार्यक्रम, कुखुरापालनका लागि ३ दिने क्षमता अभिबृद्धी तालिम, कुखुराहरुको स्वास्थ्य व्यवस्थापन प्याकेज (परजिवी नियन्त्रण, खोप र उपचार) र वस्तुगत सहयोग (दाना खाने भाँडा, पानी पिउने भाँडी, अण्डा राख्ने क्रेट, जैविक सुरक्षाको लागि चुन आदि) लगायतका सहयोग गर्नेछ ।

सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले प्रत्येक समुहका सदस्यहरुका लागि उपलब्ध बजेटको परिधीभित्र रही खोर निर्माण/सुधार, चल्ला खरिद/ढुवानी/वितरण र दानामा अनुदान कार्यक्रम सञ्चालन गर्नेछ । यसरी उपलब्ध गराइने सहयोगमा प्रति कृषक १२० गोटा Dual purpose कुखुराका चल्ला उपलब्ध गराउने छ ।

१०. आर्थिक कार्यविधि

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | दर रु | जम्मा रकम रु (प्रति जिल्ला) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | समुह गठन | पटक | १ | ५००० | ५००० | |
| २ | समुह सदस्यहरुलाई स्थलगत अभिमूखिकरण १ दिने | पटक | १ | १०००० | १०००० | |
| ३ | कुखुरापालनका लागि क्षमता अभिबृद्धी तालिम ३ दिने | पटक | १ | ३०००० | ३०००० | |
| ४ | खोप र परजिवी नियन्त्रण सेवा | पटक | १ | १०००० | १०००० | |
| ५ | जिल्ला पशु विकास कार्यदल वैठक | पटक | १ | १०००० | १०००० | |
| ६ | वस्तुगत सहयोग (दाना तथा पानी खुवाउने भाँडा, क्रेट, चुन आदि) | पटक | १ | ३५००० | ३५००० | |
| ७ | कुखुरापालनको लागि अनुदान कार्यक्रमः | | | | | |
| ७.१ | खोर निर्माण/सुधार | संख्या | २० | ८००० | १६०००० | नगद अनुदान |
| ७.२ | चल्ला खरिद/ढुवानी र वितरण (प्रति कृषक १२० चल्ला) | संख्या | २४०० | | १४०००० | |
| ७.३ | दानामा अनुदान सहयोग | संख्या | २० | ५००० | १००००० | दाना खरिद गरेको विलका आधारमा नगद अनुदान |
| | जम्मा | | | | ५००००० | |

११. आर्थिक प्रशासन

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

१२. अनुगमन, मुल्याकंन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था

यस कार्यक्रमको अनुगमन, मुल्याकंन पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, पशु उत्पादन निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र जिल्ला पशु सेवा कार्यलयले गर्नेछ । मासिक, चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु क्षेत्रीय पशु सेवा निर्देशनालय, पशु उत्पादन निर्देशनालय, पशु सेवा विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्ने छ ।

१३. थपघट वा हेरफेर गर्न सक्ने

क. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख. यस कार्यविधिको कार्यान्वयमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।